CC-0. In Public Domain. Digitization by eGangotri

१८८.

नारदीय
भक्ति सूत्रः

लेखकः
पं. चिरञ्जीवी पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाल्मकी विद्यापीठ
पुस्तकालयलाई
भेट

श्री परमात्मनेनमः

नारदीय

भक्ति सूत्रः

पं चिरञ्जीवी पोखरेल
चोभार–२, काठमाडौं
नेपाल

२०४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०४४ पौष

प्रथम संस्करणः— १००० प्रति

प्रकाशकः— श्री रानी जगदम्बा कुमारी

९८०३२

मूल्यः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नम् निवेदन

श्री गणेशायनमः

आदिकालमा विश्वव्यापि, परमदयालु परब्रह्म परमात्मावाट श्री महामाया उत्पन्न हुनु भयो, वहाँबाट सत्व, रज, तम ३ गुण उत्पत्ति भयो। त्यसपछि ब्रह्मा विष्णु महेश्वर प्रकट हुनु भै ब्रह्माले रजोगुण, विष्णुले सत्व गुण र महादेव (महेश्वर) ले तमोगुण ग्रहण गर्नुभयो र वहाँहरूबाट नै संसारको उत्पत्ति भयो र त्यसैबाट यो विचित्र संसार चलेको छ। खानु, सुत्नु, कराउनु आदि कर्म पशु, पंक्षी कीट पतंग आदि सबैले गर्दछ र सो काम मनुष्यले पनि गर्दछ। मनुष्य भइकन त्यहि काम मात्र गऱ्यो भने हामी मनुष्यहरू पनि सोही पशु पंक्षीमा गनिने छौं। तसर्थ हामीलाई कसले रक्षा गरेको छ, हामीले के गर्नु पर्दछ, कर्तव्य कर्म के हो भन्ने विचार गरी १ बाट अनेक भएका श्रीपरमेश्वरको खोजी गर्नु, सोही ईश्वर प्राप्तिको काममा लाग्नु र श्रीपरमेश्वर परब्रह्म परमात्मालाई यथार्थ गरी वहाँको सेवा गरेर परब्रह्ममा लीन हुनु मनुष्यको कर्तव्य हो।

यो पृथ्वीमा मनुष्यको जन्म पाउनु दुर्लभ छ। मनुष्य जन्म देवताहरूले खोजेर पनि पाई रहेका छैनन्। ईश्वर प्राप्तिका साधन २ मात्र छ। यो हो ज्ञानमार्ग र भक्तिमार्ग (ज्ञानेा देवतु कैवल्यं ऋते ज्ञानान्न मुक्तिः– श्रुतिको वचन छ) ज्ञानमार्ग बडो कठिन छ र त्यो ज्ञान पनि भक्ति नभै प्राप्त हुँदैन। अतः भक्तियोग सजिलो छ (भक्ति योगा न्मुक्तिः) भक्ति योगबाट मुक्ति मिल्दछ। यहि भक्ति साधनाबाट शवरी, गृद्ध, हनुमान, सुतीक्ष्ण, प्रह्लाद आदि धेरै भक्तहरू भक्तियोगबाट नै मुक्ति पाएका छन्। यो कलियुगमा पनि मीरावाई, तुलसीदास, सुकरात, श्रीचैतन्य आदि भक्ति योगबाट मुक्ति पाएका थिए।

भक्तियोग पनि गौणीभक्ति र पराभक्ति २ किसिमको छ। गौणी भक्ति त्रिगुणात्मक छ। कुनै फलको आशा राखी गरिने भक्ति गौणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति हो । यस्तो भक्तिबाट मुक्ति मिल्दैन । पराभक्ति सबभन्दा ठूलो भक्ति हो । अन्तःस्करणबाट व्यवहारलाई परमेश्वरमा अर्पण गरी, त्यसमा पनि उत्कट–अनन्य प्रेम हुनु पराभक्ति हो । त्यस्ता भक्तहरू पनि मुक्त हुन्छन् । भक्ति गर्नलाई घर व्यवहार त्याग गर्नु पर्दैन, योगी हुनु पनि पर्दैन । खाली अन्तःस्करणको त्याग मात्र भए पुग्दछ ।

विश्वव्यापक श्रीपरमेश्वरको अनेक रूप छ त्यसमध्ये सगुण र निर्गुण २ स्वरूप मुख्य छ । निर्गुण रूप एक र सगुण रूप धेरै छन् । हामीले सगुण रूपलाई नै निर्गुण सम्झी सेवा गर्नु पर्दछ । जस्तै सुनको डल्लोबाट अनेक गहनाहरू बनाउन सक्छौं, तर ती सुनबाट बनेका गहनाको नाम अनेक नाम हुन्छ र आकार प्रकार पनि बेग्लै हुन्छ । तर सबै सुन हुन् । त्यस्तै परमेश्वर पनि एकबाट अनेक हुनु भएको छ र नाम पनि अनेक छ । यस्ता परमेश्वरलाई तन मनले सेवा प्रेम र भक्ति गर्नु हाम्रो प्रमुख कर्तव्य हो । तीर्थ, व्रत यज्ञ आदि प्रेम, सेवा र भक्तिको साधन हुन्, यस्तो कर्म फलको आशा नगरी स्वच्छ मनले गर्नु पर्दछ ।

त्यही उत्कट र अनन्य प्रेमको कुरा यस सानु पुस्तिकामा लेखिएको छ । यस्तो प्रेम भक्तिको कुरा भागवत् एघारौं स्कन्ध, भगवद्गीता बाह्रौं अध्यायमा उल्लेख गरेको छ ।

अतः यस्तो पुस्तिका तयार गरी सम्पूर्ण हिन्दू मात्रका सामु प्रस्तुत गरेको छु । सम्पूर्ण भगवद् भक्तहरूले यस पुस्तिकाबाट लाभ पाउने नै छन् भन्ने ठूलो आशा र विश्वास लिएको छु ।

यो पुस्तिका छपाईको काममा सहयोग गर्नु भई भक्ति प्रचार गर्ने श्री रानी जगदम्बा र ज्ञानु बस्नेतलाई सहस्र धन्यवाद दिन चाहन्छु । यसमा त्रुटिहरू जरूरै भएका होलान् । यसमा क्षमा प्रार्थी छु ।

लेखक

पं. चिरञ्जीवी पोखरेल

वर्ष ८३

चोभार–२, काठमाडौं

नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री परमात्मने नमः

भक्ति सूत्रः

श्री गणेशायनमः

श्री सरस्वत्यै नमः

श्री गणेश प्रार्थना

ग्रहार्ति हारिणं गोप्यं गणनाथं गणार्चितम् ।
गौरीपुत्रं गणाध्यक्षं प्रणमामि गणेश्वरम् ।।

श्री सरस्वती प्रार्थना

संसार तारिणीं सर्ववन्ध्यांसार प्रदायिनीम् ।
सर्वेश्वरी सर्वशवितं प्रणमामि सरस्वतीम् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नारदीय भक्ति सूत्रः

– अथातो भक्ति व्याख्यास्यामः ।।१।।

अर्थः– अब* भक्तिको व्याख्यान् गर्दछौं ।

– सात्वस्मिन् परम प्रेम रूपा ।।२।।

अर्थः– ती* भक्ति परमेश्वरमा परम प्रेम रूपकी छन् ।
(प्रेमले मात्र प्राप्त हुन्छिन्)

– अमृत रूपा च ।।३।।

अर्थः– ती* भक्ति प्रेम रूप मात्र होइन कि अमृत रूपकी छन् ।

---

* यसको अर्थ सबै तल्लो तहको मात्र कुरा भयो अब माथिल्लो तहको भक्ति हो । त्यो ठूलो भक्तिको बयान गर्दछौं भन्ने हो ।

* हुन त कुनै चीज पनि प्रेम बेगर पाइन्न । तर यस्तो सर्वोत्तम भक्ति विना प्रेमले कसरी प्राप्त होला । जस्तैः– कुनै कुराको आवश्यक भएमा त्यो प्राप्त गर्न तनमनले अनेक उपाय गर्दछौं । त्यस्तै प्रकारले परमेश्वरमा प्रेम गर्नु पर्दछ ।

* जस्तो अमृतपान गरेको मनुष्य अमर हुन्छ । त्यस्तै श्री परमेश्वरमा प्रेम गर्न मनुष्य अमर हुन्छ, त्यसलाई कुनै कुराको आवश्यक पर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– यल्लब्धा पुमान् सिद्धो भवति
अमृतो भवति तृप्तो भवति ।।४।।

अर्थः– जुन* भक्ति पाएपछि मनुष्य सिद्ध हुन्छ, अमर हुन्छ, तृप्त हुन्छ ।

– यत्प्राप्य नकिञ्चिद् वाञ्छति, नशोचति
नद्वेष्टि नरमते नोत्साही भवति ।।५।।

अर्थः– जुन* भक्ति पाएपछि मनुष्य न कुनै कुराको इच्छा गर्दछ न शोक गर्दछ । न कसैसँग कुनै चीजमा रीस गर्दछ, न कुनै काममा रमाउँदछ, न कुनै व्यावहारिक कुरामा उत्साहित हुन्छ ।

– यज्ज्ञात्वा मत्तो भवति,
स्तब्धो भवति, आत्मारामो भवति ।।६।।

अर्थः– जुन भक्तिलाई यथार्थ जानेपछि, पाएपछि मनुष्य उन्मत्त(बहुलाहा) हुन्छ, सबै विषयको काममा उसको हात मुख रोकिएको हुन्छ सर्वत्र आफू आनन्दित हुन्छ ।

---

* जुन भक्ति पाएको मनुष्य ज्ञानी हुन्छ, बोलेको, गरेको काम सिद्ध हुन्छ, अन्य कुरा केही चाहिंदैन, अमर जस्तो हुन्छ, सबैबाट अघाउँदछ । भगवान् बाहेक अन्य कुनै कुरामा वास्ता गर्दैन ।

* जुन भक्ति पाएको मनुष्य घर खेत धन सम्पत्ति खाने लाउने कुनै कुराको इच्छा गर्दैन । कुनै कुरामा हानी नोक्सानीमा पनि शोक पीर गर्दैन । कुनै धनजनमा, प्राणीमा द्वेषभाव पनि गर्दैन । कुनै व्यावहारिक काममा रमाउँदैन यसै नगरी छोड्दीन भनी हठ र फूर्ति पनि गर्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमेऽनन्यताः

– सा न कामयमाना निरोध रूप त्वात् ।।७।।

अर्थः– ती भक्ति निरोध रूप भएकीले त्यस्तो भक्तबाट कुनै कुराको कामना गरिने हुँदैन, अर्थात् सबै काम गरिन्छ ।

– निरोधस्तु लोक वेद व्यापार न्यासः ।।८।।

अर्थः– निरोध* भनेको संसारको, शास्त्रको व्यापार (काम) श्री परमेश्वरमा अर्पण गर्नु हो ।

– तस्मिन्नन्यता तद्बिरोधिषू दासीनता च ।।९।।

अर्थः– श्री परमेश्वरमा अनन्यता हुनु पर्दछ । ती परमेश्वर देखि बाहिर विषयमा उदासी र वास्ता नगर्ने हुनु पर्दछ भन्ने हो ।

– अन्याश्रयाणीत्यागोऽनन्यता।।१०।।

अर्थः– ईश्वर देखि बाहेक बाहिरको कुरामा कुनै कुराको कसैको आश्चर्य (आड) भरोसा नलिनुलाई अनन्यतालाई अनन्यता जान्नु पर्दछ ।

---

* हे प्रभो ! म हजूरको हुँ, हजूरको सेवक हुँ, माता–पिता, मित्र सबै मेरो हजूरै हो भनेर आत्मसनर्पण गरेको हुन्छ । यस्तो भक्ति गर्नु मनले अन्तस्करणले परमेश्वरलाई सम्झी बाहिर मात्र व्यवहार गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– लोकेवेदेषुतद्नुकूलाचरणं
तद्बिरोधीषूदासीनता ।।११।।

अर्थः– संसारमा व्यवहार तथा शास्त्र व्यवहारमा उनै परमेश्वर खुशी हुनै (अनुकूल खूशी हुने काम गर्नु, त्यस बाहिरको कुरामा उदासी हुनु) प्रेम गर्ने हुनु पर्दछ ।

– भवतु निश्चय दार्क्षादूर्ध्वं शास्त्ररक्षणम् ।।१२।।

अर्थः– होस्* अब श्री परमेश्वर यस्तो व्यापक ह्वै बक्सिन्छ भन्ने दृढ निश्चय भै सकेपछि पनि शास्त्र मर्यादाको रक्षा गर्नु पर्दछ छोडनु हुँदैन ।

– अन्यथा पातित्याऽशङ्कया ।।१३।।

अर्थः– शास्त्रोक्त कर्मको रक्षा नभएमा पतन (खस्ने) हुन्छ भन्ने शङ्काले पनि शास्त्रको संरक्षण गर्नु पर्दछ । कुनै शास्त्रीय काम छोडनु हुँदैन अर्थात् शास्त्र मर्यादा छोडने मनुष्य नास्तिक हुन्छ ।

– लोकोऽपितावदेव किन्तु भोजनादि
व्यापारस्त्वा शरीर धारणावधि ।।१४।।

अर्थः– संसारको लोक व्यवहार पनि ईश्वरको भक्ति प्राप्ति नभए सम्म मात्र हो तर भोजनादि (खानेकुरा) को व्यापार त आफ्नु शरीर धारण भएसम्म हुन्छ ।

---

* श्री परमेश्वर संसार व्यापक, घटघट वासी हुनु भएको छ भन्ने दृढ निश्चय भैसकेपछि पनि शास्त्रको संरक्षण गर्नु पर्दछ, छोड्नु हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमरूपा भक्तेर्लक्षणम्

– तल्लक्षणानि वाच्यन्ते नाना मत भेदात् ।।१५।।

अर्थः– ती भक्तिको लक्षण (चिह्न) भनिन्छन् । अनेक मतका भेदले ।

– पूजादिष्व नुराग इति पारा शर्यः ।।१६।।

अर्थः– श्री भगवान्को पूजा आदिमा राम्रो प्रेम गर्नु पर्दछ भन्ने श्री वेद-व्यास आदिको भनाई छ ।

– कथादि ष्विति गर्गः ।।१७।।

अर्थः– श्री परमेश्वरको कथा सुन्नु, कथामा प्रेम गर्नु मुख्य प्रेम हो भन्ने गर्ग ऋषिको भनाई हो ।

– आत्मरत्य विरोधेनेति शाण्डिल्य ।।१८।।

अर्थः– आत्मज्ञानमा विरोध नपारि (आत्मरतिको साथ) प्रेम गर्नु पर्दछ भन्ने शाण्डिल्य ऋषिको भनाई छ ।

– नारदस्तु तदर्पिता खिला चरिता तद
विस्मरणे परम व्याकुलतेति ।।१९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थः– नारद भक्तको मतमा ता सम्पूर्ण आचार श्री परमेश्वरमा अर्पण गर्नु, विर्सियो भने परम व्याकुल हुनु प्रेम भक्ति हो भन्नु हुन्छ ।

– अस्त्येव मेवम् ।।२०।।

अर्थः– यहि नारद ऋषिको मत ठीक छ । तर पूजा कथा हुनु पर्दछ । यस कर्मलाई छोड्नु हुँदैन ।

– यथाब्रज गोपिकानाम् ।।२१।।

अर्थः– जस्तो व्रजवासी गोपिनीहरूको भावभक्ति थियो त्यस्तै हुनु पर्दछ ।

– तत्रापि नमहात्म्य ज्ञान विस्मृत्यपवाद ।।२२।।

अर्थः– त्यस्तो व्रज गोपिका जस्तो प्रेममा पनि श्री भगवान्को महात्म्य ज्ञान विस्मृत हुनु हुँदैन, यो एउटा अपवाद छ । अर्थात् श्री भगवान् को महात्म्य ज्ञान भक्ति विस्मृति होला, विस्मृति नहोस्, अटूट तेलको धारा जस्तो हुनु पर्दछ ।

– तद् विहीनं जाराणमिव ।।२३।।

अर्थः– नारद गोपिनीहरूको जस्तो उत्कण्ठ प्रेम भएन भने जार पुरुषको प्रेम गरे जस्तो हुनेछ । तसर्थ अटूट प्रेम हुनु पर्दछ ।

– नास्त्येव तत्सुख सुखित्वम् ।।२४।।

अर्थः– जारपतिको प्रेममा नारद गोपिनीको जस्तो प्रेमको सुख हुन सक्तैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमरूपा भक्तिर्फल रूपैवः

– सा तु कर्म ज्ञान योगेभ्योऽप्यधिकतरा ।।२५।।

अर्थः– ती भक्ति कर्मज्ञान योग भन्दा पनि बढ्ता छन् । ठूली हुन् माथिल्लो श्रेणीकी हुन् ।

– फल रूप त्वात् ।।२६।।

अर्थः– किन भने अरू अरू साधन जड शाखा पत्र पुष्प हुन् श्री भक्ति फल रूप हुनाले अधिकता छन् । जस्तै कुनै फलको इच्छाले विरुवा रोप्यो फल फलि पाके पछि वोटको शाखापत्र आदिको वास्ता रहँदैन त्यस्तै फलरूपि भक्ति प्राप्त भएपछि अरू कुनै चीजको वास्ता हुँदैन भन्ने अर्थ हो ।

– ईश्वरस्याऽप्यभिमान द्वेषित्वाद् दैन्य प्रियत्वाच्च ।।२७।।

अर्थः– श्री परमेश्वरलाई अभिमान द्वेषि छ दैन्य भाव प्यारो छ अर्थात् संसार ईश्वरमय हुनाले र भक्तको हृदयमा अन्तरयामी रूपले बस्नु भएको हुनाले त्यो ईश्वरमा र म मा के फरक छ भन्ने यस्तो भावना हुनु द्वेष भाव हो । त्यो अभिमान द्वेष ईश्वरलाई मन पर्दैन । दीन भाव बढी मन पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– तस्या ज्ञानमेव साधन मित्येके ।।२८।।

अर्थः– ती भक्तिको ज्ञान साधन हो (अर्थात् ज्ञान नभै भक्ति प्राप्ति हुन सक्तैन) ज्ञान नै भक्तिको साधन हो भनि कोही कोही भन्दछन् ।

– अन्योऽन्याश्रय त्वमि त्यऽन्ये ।।२९।।

अर्थः– कोही कोहि ज्ञान भक्तिको आश्रय ज्ञान र ज्ञानको आश्रय भक्ति हो ज्ञान वेगर भक्ति र भक्ति वेगर ज्ञान प्राप्त हुँदैन भन्ने कसैं– कसैको भनाई छ ।

– स्वयं फल रूपतेति ब्रह्म कुमाराः ।।३०।।

अर्थः– तर भक्ति आफै फल रूपकी छन् उनलाई कुनै साधनको आवश्यकता पर्दैन । भनि ब्रह्म पुत्र सनकादि नारदादिहरूको भनाई छ ।

– राजगृह, भोजनादिषु, तथैव दृष्टत्वात् ।।३१।।

अर्थः– राजदरवार, खानेकुरा, देखेर मात्र हुँदैन, त्यसको भोग गर्नु पर्दछ ।

– नतेन राजपरितोषः क्षुधाशान्तिर्वा ।।३२।।

अर्थः– राजदरवार देखेर मात्र राजा खुशी हुँदैनन् । खाने कुरालाई आँखाले देखेर मात्र भोक टर्दैन, पेट भरिंदैन, खानै पर्दछ ।

– तस्मात् सैव ग्राह्या मुमुक्षुभिः ।।३३।।

अर्थः– त्यसकारणले मुक्तिको इच्छा हुने (मुमुक्ष) ले त्यहि भक्तिलाई लिनु पर्दछ, भक्ति गर्नै पर्दछ । भगवानको भक्ति वेगर मुक्ति हुन सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्ति साधन सत्संगयो वर्णनम्

– तस्याःसाधनानि गायस्याचार्याः ।।३४।।

अर्थः– ती भक्तिको साधनहरू, भक्ति जान्ने आचार्यहरू गान गर्दछन् ।

– तन्तु विषय त्यागात् सङ्गत्यागाच्च ।।३५।।

अर्थः त्यो भक्ति साधन विषय त्यागले र काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदिको त्यागले र घर खेत, व्यापार आदि विषयको संगत अन्तःकरणले त्याग गर्नाले मात्र प्राप्ति हुन्छ ।

– अव्याबृत भजनात् ।।३६।।

अर्थः निरन्तर भजनले मात्र भक्ति प्राप्त हुन्छ ।

– लोकेऽपि भगवद् गुण श्रवण कीर्तनात् ।।३७।।

अर्थः लोक व्यवहारमा पनि श्री भगवानकै गुण श्रवण कीर्तन गर्नाले भक्ति प्राप्त हुन्छीन् ।

– मुख्य तस्तु महत्कृपयैव, भगवत् कृपालेशाद्वा ।।३८।।

अर्थः मुख्य कुरा यो हो कि महात्मा पुरूषहरूको कृपाले अथवा श्री भगवानको अलिकति कृपाले मात्र भए पनि पुग्दछ, भगवानको कृपा पाउन अनन्य प्रेम गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– महत् सङ्गस्तु दुर्लभोऽगम्योऽमोघश्चा ।।३९।।

अर्थः महात्मा पुरूषहरूको दर्शन संगत पाउनु बडो दुर्लभ छ । अगम्य छ, अमूल्य छ ।

– लभ्यते तत्कृपयैव ।।४०।।

अर्थः त्यो सत्संग परमेश्वरको कृपा नभै पाईदैन, प्रभुको असीम कृपा हुनु पर्दछ । कृपा हुन सेवा, कीर्तन, भजन, गर्नु पर्दछ ।

– तस्मिँस्तज्जने भेदाऽभावात् ।।४१।।

अर्थः– किनभने श्री परमेश्वरका भक्तमा कुनै भेद नभएकोले त्यस्तो भक्तको दर्शन स्पर्शन दुर्लभ भनेको हो ।

– तदेव साध्यताम्, तदेव साध्यताम् ।।४२।।

अर्थः– त्यसकारण त्यही सत्संग खोजेर हिंड्नु पर्दछ । खोजे पाइन्छ, संत्संग पाए भक्त बन्दछ, यो तात्पर्य हो ।

भक्तौ प्रधान बाधा कुसंग एवः

– दुः सङ्गः सर्वथैवत्याज्यः ।।४३।।

अर्थः दुष्टको (पटमूर्खको) संगत सर्वत्रबाट त्याग्नु नै पर्दछ, किनभने ती दुष्टहरूबाट अनेक बाधाहरू भक्तिमा पर्न आउँनछ त्यस अर्थले दुष्ट संगत त्याग्नु नै पर्दछ ।

९८०३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– काम, क्रोध, लोभ, मोह, स्मृति भंश,
बुद्धिनाश, सर्वनाश, कारणत्वात् ।।४४।।

अर्थः– किनभने दुष्ट संगतबाट कामना बढेर आउँदछ त्यसबाट भनेको कुरा पुग्दैन, अनि क्रोध बढदछ, क्रोधबाट मोह हुन्छ, मोहबाट वेहोस हुन्छ अनि बुद्धि नास हुन्छ, बुद्धि नास भएपछि सबै नास हुन्छ । यसकारण दुष्ट संगतलाई त्याग गर्नु नै पर्दछ ।

– तरङ्गायिता अपी मे सङ्गात् समुद्रायन्ति ।।४५।।

अर्थः– यी काम क्रोध आदि पहिले नदीको तरङ्ग (छाल) जस्ता हुन्छन् तापनि सङ्गतले समुद्र जस्तै बनेर, बढेर आउँदछन्, यसकारणले दुष्ट संगत त्याग गर्नु पर्दछ ।

मायां कस्तरति

– कस्तरति कस्तरतिमायां ? य सङ्गाँस्त्यजति
यो महानुभावं सेवते निर्ममो भवति ।।४६।।

अर्थः– मायाबाट को कस्तो पुरुष पार हुन्छ भने जसले विषय (अन्तः स्करणले विषयको त्याग) र दुर्जनको त्याग गर्दछ । जसले महात्माहरूको सेवा गर्दछ र निर्मम (मेरा होइन) भन्दछ भने त्यो पुरूष मायाबाट पार हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– यो विविक्त स्थानं सेवते यो लोक बन्ध मुन्मूलयति निस्त्रैगुण्यो भवति योग क्षेमं त्यजति ।।४७।।

अर्थः– जसले एकान्त स्थानमा बसेर श्री भगवानको सेवा गरेको छ । जो लोक संसारको बन्धनबाट मुक्त छ, संसारको जरै उखेलेको छ निस्त्रै गुण्य (सत्व, रज, तमो गुणबाट पनि मुक्त भएको) छ योग क्षेम (अप्राप्यको प्राप्तिः प्राप्तिको संरक्षण) को त्याग गरेको छ, त्यस्तो पुरूष मायाबाट पार हुन्छ ।

– यः कर्म फलं त्यजति, कर्माणि संन्यस्यति ततो निर्द्वन्द्वो भवति ।।४८।।

अर्थः– जसले कर्मको फल (मलाई यस्तो यो चीज पाउँ भन्ने) को त्याग गरेको छ । सबै कर्महरू (लौकिक) को संन्यास (त्याग) गरेको छ, त्यस्तो पुरूष मायाबाट पार भै अद्वैत भएको हुन्छ ।

– वेदा नपि संन्यस्यति केवल मविच्छिन्ना नुरागं लभते ।।४९।।

अर्थः– "सर्व धर्मान्परित्यज्य मामेकं सरणं बज्" भने झैं जसले लौकिक कर्म मात्रको वैदिक कर्मको पनि भगवान्मा अर्पण जरुले गरेको छ र केवल प्रेमै प्रेमले अविच्छिन्न (अटूट) अनुराग प्रेम पाएको हुन्छ ।

– स तरति स तरति स लोकां स्तारयति ।।५०।।

अर्थः– त्यस्तो पुरूष मायाबाट पार हुन्छ, त्यस्ता परमभक्त पुरूषले सारा संसारलाई पनि तार्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेम भक्तेर्गौणि भक्तेश्व स्वरूपम्

– अनिर्वचनीयं प्रेम स्वरूपम् ।।५१।।

अर्थः– प्रेमको स्वरूप बयान गरी नसक्नु छैन, बयान गरेर पनि साध्य छैन ।

– मू का स्वादनवत् ।।५२।।

अर्थः– जस्तै लाटोलाई कुनै चीजको स्वाद लागे जस्तै हुन्छ अर्थात् लाटो स्वादमा मग्न भएको हुन्छ त्यसलाई कसैले 'कस्तो छ' भनेर सोध्यो भने यस्तो मीठो छ भन्न सक्तैन; प्रेमको स्वरूप पनि त्यस्तै हुन्छ ।

– प्रकाशते क्वापि पात्रे ।।५३।।

अर्थः– कुनै कुनै भक्ति गर्ने भक्तरूपि पात्र (भाडो) मा प्रकाशित भएको हुन्छ त्यस्तोलाई जो कोहिले पाउन सक्तैन ।

– गुणरहितं काम नारहितं प्रतिक्षणवर्धमाम विच्छिन्नं सूक्ष्म तर मनुभव स्वरूपम् ।।५४।।

अर्थः– सत्व, रज, तम यी ३ गुणलेरहित भएको कुनै कामनालेरहित भएको क्षण क्षणमा बढेर जाने अटूट र सारै मिहिन सूक्ष्ममा पनि सूक्ष्म– भक्तिको अनुभव स्वरूप हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– तप्राप्यत देवालोक यति तदेव श्रृणोति; तदेव भाषयति, तदेव चिन्तयति ।।५५।।

अर्थः– भक्त महापुरुषले त्यस्तो भक्ति पाएपछि तिनै परमेश्वरलाई मात्र सर्वत्र देख्दछ । उनै प्रभुको कुरा (चरित्र) मात्र सुन्दछन्, तिनै परमेश्वरको कुरा मात्र बोल्दछन्, उनै प्रभुको मात्र चिन्तना गर्दछन्, अरू लौकिक कुराको वास्तै गर्दैनन् ।

– गौणी त्रिधा गुण भेदा दार्तादि भेदा द्वा ।।५६।।

अर्थः– गौणि भक्ति* सात्विकी, राजसी, तामसी, ३ प्रकारको छ अथवा त्यस्तै आर्त, जिज्ञासु, अर्थार्थी, ज्ञानी ४ प्रकारको छ ।

– उत्तरस्या दुत्तरस्मात्पूर्व पूर्वा श्रेयाय भवति ।।५७।।

अर्थः– तामसी भन्दा राजसी, राजसी भन्दा सात्विकी भक्ति उत्तम हुन्छ ।

---

* कुनै प्राणीलाई पीरमर्का नपारि कुनै कुराको कामना नगरी म यस्तो पाउँ भन्ने र धनजनको इच्छा नगरी प्रभुको भक्ति गर्नु सात्विकी भक्ति हो । व्यवहारका इच्छा समेत गरी ईश्वरको पुकारा गर्नु राजसी भक्ति हो । अरूको दुःख पीडाको वेवास्ता गरी जनधनको इच्छा गरी ईश्वर को पुकारा गर्नु तामसी भक्ति हो । दुःख परेमा ईश्वरको पुकारा गर्नु आर्तभक्ति जस्तै– गजेन्द्र, द्रौपदी ईश्वर प्राप्तिको इच्छा गर्ने भक्त जिज्ञासु हुन् उद्धव आदि । यस्तो पाउँ भनि इच्छा गरी पुकारा गर्नेलाई अर्थात भक्त हुन् । ध्रुववलि कुनै कुराको इच्छा नगरी गर्ने भक्ति ज्ञानीभक्त । यसमा ज्ञानी भक्त उत्तम हो । ज्ञानीत्वात्मैवमेमतस् ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भक्तेः सौलभ्यं महत्वं च

– अन्यस्यात् सौलभ्यं भक्तौ ।।५८।।

अर्थः– अरू साधनबाट भन्दा भक्तिबाट सजिलैसँग ईश्वर प्राप्ति हुन्छ ।

– प्रमाणान्तरस्यानपेक्षत्वात् ।।५९।।

अर्थः– भक्तिमा अरू कुनै प्रमाणको अपेक्षा नपर्ने (अरू कुराको प्रमाण नचाहिने) हुनाले

– शान्ति रूपात्परमानन्द रूपाच्च ।।६०।।

अर्थः– भक्ति शान्ति रूपको छ । आनन्दमा पनि महाआनन्द दिनेछ । भक्ति प्राप्त भएपछि अरू कुनै आनन्द चाहिँदैन । त्यो भक्तिमा आनन्दमा मग्न हुन्छ ।

भक्ति साधनौ नन्तरायौ

– लोक हानौ चिन्ता नकार्या निवेदितात्म लोक वेदत्वात् ।।६१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थः– व्यवहारमा कुनै हानी नोक्सानी परेमा पनि चिन्ता गर्नु पर्दैन । किनभने सबै आफ्नो व्यवहार र शास्त्र व्यवहार पनि परमेश्वरलाई पहिले नै चढाई सकेको हुँदा चिन्ता, पीर, गर्नु पर्दैन ।

– न तदसिद्धौ लोक व्यबहारो हेयः किन्तु फल त्यागस्तत्सधानं च कार्यमेव ।।६२।।

अर्थः– भक्ति सिद्धि नभएसम्म (लोक व्यवहारमा चलिआएको कुरा) छोड्नु हुँदैन, तर फलको त्याग र भक्तिको साधन सधैं गरिरहनु पर्दछ नगरे पतित हुने लक्षण हुन्छ ।

– स्त्री धन नास्तिक, वैरी चरित्रं नश्रवणीयम् ।।६३।।

अर्थः– भक्ति साधनमा स्त्री जातिको चरित्र सुन्नु हुँदैन । यसबाट कामदेव बढेर आउँदछ । धनको वर्णन पनि नसुन्नु किनभने लोभ बढदछ । नास्तिकहरूको चरित्र सुने नास्तिकपना बढदछ । शत्रुको चरित्र सुने क्रोध बढ्दछ । यसकारण यी ४ थरीको चरित्र सुन्नु हुँदैन ।

– अभिमान दम्भादिकं त्याज्यम् ।।६४।।

अर्थः– अभिमान, सेखी, घमण्ड इत्यादिलाई त्याग्नु पर्दछ ।

– तदर्पिताखिला चारसन् काम क्रोधाभिमानादिकं तस्मिन्नेव करणीयम् ।।६५।।

अर्थः– आफ्नो सम्पूर्ण आचार पहिले नै श्री परमेश्वरमा अर्पण गरिसकेको हुनाले काम क्रोध, अभिमान आदि भैपरि आएमा पनि यी सबै परमात्मामा चढाउनु पर्दछ त्यो उपाधि परमात्माले नै ग्रहण गर्नु हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रेमीभक्त महिमावर्णनम्

– त्रिरूप भङ्ग पूर्वकं नित्य दास नित्य कान्ता भजनात्मकं प्रेमैव कार्यं प्रेमैव कार्यम् ।।६६।।

अर्थः– सत्व, रज, तम आदि तीन तीन कुराको रूप छाडेर सदा दासले मालिकको, पत्नीले पतिको सेवा गरे झैं तन मनले श्री ईश्वरको सेवा गर्नु पर्दछ ।

– भक्ता एकान्तिनो मुख्याः ।।६७।।

अर्थः– सधैं एकान्तमा बसेर कुनै व्यावहारिक प्रलोभनमा नलागी ईश्वरको सेवामा मात्र तन मन दिने भक्त मुख्य हुन्, ती ईश्वर स्वरूपै भएका हुन्छन् ।

– कण्ठावरोध रोमाञ्चाश्रुभिः परस्परं लपमानाः पावयन्ति कुलानि पृथिवीं च ।।६८।।

अर्थः– एकान्त भक्तहरू कस्ता हुन्छन् भने प्रेमपूर्वक भजन गर्दा घांटि रोकिएर बोली स्पष्ट हुँदैन, आङमा काँडा उम्रने कटहरको फल जस्तो हुन्छ, आँखाबाट आँशु खस्छ । आनन्दले शरीर भिजेको हुन्छ, त्यस्ता भक्तहरूले कुल र पृथ्वीलाई समेत पवित्र पार्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– तीर्थी कुर्वन्ति तीर्थानि सुकर्मी कुर्वन्ति
कर्माणि सच्छास्त्री कुर्वन्ति शास्त्राणि ।।६९।।

अर्थः– त्यस्ता एकान्त भक्तहरूले सबै तीर्थलाई सुतीर्थ (असल तीर्थ) सबै वैदिक लौकिक कर्मलाई सुकर्म, सत्कर्म र यावत् शास्त्रलाई सत्–शास्त्र बनाउँदछन् ।

– तन्मयाः ।।७०।।

अर्थः– त्यस्ता भक्तहरू परमेश्वरमा तल्लीन भएका हुँदा ती जान्न ईश्वर रूप नै हुन्छन् ।

– मोदन्ते पितरो नृत्यन्ति देवता
सनाथा चेयं भूर्भवति ।।७१।।

अर्थः– त्यस्ता एकान्तप्रेमी भक्तहरूलाई देखेर सम्झेर भेटेर सारा पितृहरू बडो हर्ष हुन्छन्, देवताहरू नाच्दछन् । अनाथ पृथ्वीले पनि आधार पाउँछिन् ।

– नास्ति तेषु जाति, विद्या, रूप, कूल,
धन, क्रियादि, भेदः ।।७२।।

अर्थः– ती भक्तहरूमा जाति, विद्या, रूप कूल धनको कुनै फरक हुँदैन ।

– यत स्तदीयाः ।।७३।।

अर्थः– यस कारणले त्यस्ता भक्तहरू ईश्वर स्वरूप भएर रहन्छन् । यसमा कुनै सन्देह छैन ।

Nepal Sanskrit University, Valmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वाद विवादौ विघ्नौ

– वादो नाव लम्व्यः ।।७४।।

अर्थः– वादविवाद यो भक्ति विषयमा गर्नु हुँदैन, यो होइन, यो हो, भक्ति गरेर के हुन्छ, कसले गरेर के भयो इत्यादि झगडा गर्नु ठीक छैन ।

– वाहुल्या वकाशा दनियतत्वात् ।।७५।।

अर्थः– यस भक्ति विषयमा वादविवाद भएमा (धेरै कुरा शास्त्र धेरै हुनाले) झगडाहरू बढेर आउने सम्भव हुन्छ, यसकारण वादविवादको झंझट गर्नु भक्तले ठीक पनि होइन ।

– भक्ति शास्त्राणि मननीयानि तदुद्बोधक कर्माण्यपि करणीयानि ।।७६।।

अर्थः– भक्ति विषयमा शास्त्रहरू मान्नु पर्दछ । भक्ति बढ्ने कुरा बुझाउने काम पनि गर्नै पर्दछ ।

– सुख दुःखेच्छा लाभादि त्यक्ते काले प्रतीक्षमाणे क्षणार्थमयि व्यर्थं ननेयम् ।।७७।।

अर्थः– सुख, दुःख, इच्छा, लाभ आदि त्यागेर कालको प्रतीक्षा (कालपर्खने) गरेर आधाक्षण समय पनि व्यर्थ गर्नु हुँदैन, प्रेम भक्ति गरिरहनु पर्दछ । समय खेर फाल्नु हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– अहिंसा, सत्य, शौच दयास्ति क्यादि
चरित्राणि परिपालनीयानि ।।७८।।

अर्थः– भक्ति गरी गरी काल परिक्षण गरेर रहेमा पनि अहिंसा (कसैलाई कुट्ने, मार्ने, पीडा पार्ने) गर्नु हुँदैन । साँचो काम गर्नु पर्दछ । शौच (शरीर अन्तःस्करण) शुद्ध राख्नु पर्दछ । प्राणी मात्रमा दया गर्नु पर्दछ । वेद धर्मशास्त्रलाई मान्ने (आस्तिक) चरीत्रको परिपालन गर्नु पर्दछ । भक्तहरू यस्तै हुन्छन् ।

– सर्वदा सर्वभावेन निश्चिन्तितै र्भगवानेव भजनीयः ।।७९।।

अर्थः– सधैंभरि सर्व भावना (ईश्वर सर्वत्र व्यापक, दयालु हुनुहुन्छ भन्ने भावना) ले निश्चय गरेर श्रीभगवानकै भजन गर्नु पर्दछ ।

भक्तेः फलं श्रैष्ठ्यं च वर्णनम्

– सः कीर्त्यमानः शीघ्र मेवाविर्भवति
अनुभावयति च भक्तान् ।।८०।।

अर्थः– ती दयालु भगवान कीर्तन गरिने हुनाले भक्तहरू देखि खुशी भै चाँडै नै आविर्भाव प्रकट गर्दै हुनुहुन्छ र भक्तहरूलाई अनुभव गराउनु हुन्छ (यो कुरा निश्चय छ) ।

– त्रि सत्यस्य भक्तिरेव गरीयसि भक्तिरेव गरीयसि ।।८१।।

अर्थः– भक्तिबाट श्रीपरमेश्वर चाँडै नै खुशी भै भक्तहरूलाई अनुग्रह गर्नु हुन्छ भन्ने कुरा सत्य हो, सत्य हो, सत्य हो भन्ने पूर्ण विश्वास भएका भक्त पुरूषलाई भक्ति नै ठूलो हो, भक्ति नै उत्तम हो । यसमा शङ्का छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

– गुण महात्म्यासक्ति, रूपासक्ति, पूजासक्ति, स्मरणासक्ति, दास्यासक्ति, सख्यासक्ति, कान्तासक्ति, वात्सल्यासक्त्या-त्मनिवेदनासक्ति, तन्मयतासक्ति, परमविरहासक्तिरूपा एकधाऽप्येका दशधा भवति ।।८२।।

अर्थः– श्री परमेश्वरमा वहाँको गुण महात्म्य सम्झेर आसक्त हुनु, वहाँको रूप सौन्दर्यमा आसक्त हुनु, वहाँको पूजामा तल्लीन हुनु, वहाँलाई सम्झेर आनन्दित हुनु, वहाँको दास हुन सक्नु भन्नु, वहाँ मेरो मित्र समान हुनुहुन्छ भनि आसक्त हुनु, प्रभु मेरो मालिक हुनुहुन्छ भनि आसक्त हुनु, वहाँको प्रेम गर्न सकुँ भनि आसक्त हुनु, वहाँमा आत्म-निवेदन (आफु समर्पित हुनु) गर्न, आसक्त हुनु, प्रभुमा तत्मयतामा आसक्त हुनु, भक्ति एउटी हो तापनि एघार प्रकारको लक्षणले भक्तियुक्त हुनु भएको छ ।

– इत्येवं वदन्ति, जन जल्प, निर्भया, एकमता, कुमार, व्यास, शुक्र, शाण्डिल्य, गर्ग, विष्णु, कौडिन्य, शेषो-द्धवा, रूणि, वलि, हनुमद्, विभिषणादयो भक्तचाचार्या ।।८३।।

अर्थः– भक्तहरूलाई बुझाउने विषयमा निर्भयसाथ एकमतले कुमार, व्यास, शुकदेव, शाण्डिल्य, गर्ग, विष्णु, कौडिण्य, शेष, उद्धव, आरूणि, बलि, हनुमान, विभिषण, आदि भक्तिका आचार्यहरू ऊँ एकै मतले भक्ति नै गर्नु पर्दछ ।

– इदं नारद प्रोक्तं शिवानुशासनं विश्वसिति श्रद्धत्ते स प्रेष्ठं लभते स प्रेष्ठंलभते ।।८४।।

अर्थः– यो नारद भक्त मुनीश्वरले बताउनु भएको श्री शंकरको अनुशासन (आज्ञा) जसले विश्वास मान्दछ, श्रद्धा राख्दछ भने त्यसले आफुले चिताएको कुरा पाउँदछ, पाउँदछ । परिपूर्ण भक्ति पाउँदछ ।

97032
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रक: कर्माचार्य प्रेस, पुल्चोक ललितपुर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu